२०८० साल असार ८ गते शुक्रबार
गाउँपालिका उपाध्यक्ष श्री कान्ता अधिकारीले
तेह्रौं गाउँसभा बैठकमा प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८०/०८१ को
# बजेट वक्तव्य

रिब्दीकोट गाउँपालिका
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०८०

## श्रद्धेय अध्यक्षज्यू, गाउँसभा सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, पत्रकार, सुरक्षाकर्मी लगायत उपस्थित सम्पूर्ण महानुभावहरु ।

यस गरीमामय सभामा संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका विभिन्न आन्दोलन एवं क्रान्तिमा शाहदत प्राप्त गर्ने वीर शहिदहरुप्रति श्रद्धासुमन अर्पण गर्दछु । रिब्दीकोट गाउँपालिकाको उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजकको हैसियतले यस सम्मानित सभा समक्ष आ.व. २०८०।०८१ को बजेट प्रस्तुत गर्न चाहन्छु ।

नेपालको संविधानको धारा २३२ मा भएको व्यवस्था बमोजिम संघ, प्रदेश र स्थानीय तहबिचको सहकारिता, सहअस्तित्त्व र समन्वयको सिद्धान्तलाई अवलम्बन गर्दै जनसहभागिता, उत्तरदायित्त्व र पारदर्शिता सुनिश्चित गरी गुणस्तरीय र दिगो विकास एवं आधुनिक कृषि मार्फत कामका अवसरहरु प्रदान गरी जनतामा राहतको अनुभूति दिलाउनु पर्ने अवसर, दायित्त्व र चुनौती हामी समक्ष रहेको छ ।

आगामी आ.व.को बजेट तर्जुमा गर्दा मैले मूलतः नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ नेपाल सरकार तथा लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम, बजेटको सिद्धान्त र प्राथमिकता, गाउँपालिकाद्धारा निर्मित कानुनहरु, गाउँकार्यपालिकाका निणर्यहरु तथा दीगो विकास लक्ष्यलाई मुख्य आधार बनाएको छु । विभिन्न क्षेत्रका सरोकारवालाबाट प्राप्त हुन आएका महत्त्वपूर्ण सुझावलाई समेत बजेट निर्माण गर्दा विशेष ध्यान दिएको छु । स्थानीय सरकारको आन्तरिक स्रोत, नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरित अनुदान तथा राजश्व बाँडफाँडलाई मुल आधार मानी यो बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु । साथै यस बजेटमा गाउँपालिकाको आफ्नो क्षेत्राधिकारभित्र कर तथा गैर कर राजश्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखेको छु । चालु आ.व.मा लिएका करका दरहरुलाई अनुसूचीमा समावेश गरेको छु ।

### गाउँसभा सदस्य ज्युहरु,

अब म आगामी आार्थिक वर्ष २०८०/०८१ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु । समृद्ध रिब्दीकोट निर्माणको आधार शिक्षा, कृषि, पर्यटन र पूर्वाधार भन्ने मूल नाराका साथ आ.व. २०८०।०८१ को प्रस्तावित बजेटका उद्देश्यहरु निम्न बमोजिम रहेको छन :

क) रिब्दीकोटबासी जनताहरुको जीवनस्तरमा सुधार गर्न आर्थिक क्षेत्रको बृद्धि द्वारा समुन्नत रिब्दीकोट बनाउने ।

ख) शिक्षा र स्वास्थ्यमा नवीनतम सुधार गरी गुणस्तरिय स्वास्थ्य शिक्षा हासिल गर्ने ।

ग) जनसहभागिता, उत्तरदायित्त्व, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने।

घ) स्थानीय साधन स्रोत, अवसर र क्षमताको विकास तथा उच्चतम उपयोग गरी रिब्दीकोटको आन्तरिक क्षमता बृद्धि गर्ने ।

ङ) संघ तथा प्रदेश सरकारको लक्ष्य र सोंच एवं सरकारका नीति तथा कार्यक्रम एवं दीगो विकास लक्ष्यहरुलाई स्थानीय स्तरदेखि नै सहयोग पुऱ्याउनु ।

च) लैंगिक, अपाङ्गता, लक्षित समूह तथा जात आदिका आधारमा गरिने विभेद अन्त्य गरी सामाजिक समावेशीकरण र समतामुलक समाजको निर्माण गर्ने ।

आगामी आर्थिक वर्षको बजेटमा देहायका प्राथमिकताका क्षेत्रहरु तय गरी सोही अनुसार बजेट विनियोजन गरेको छु ।

क) सहज बाटोको पहुँचबाट टाढा रहेका वडा कार्यालय सम्म बाटो स्तरोन्नति गरी स्थानीय सरकारबाट पाउने सेवा सुविधामा सरल र सहज पहुँच पुर्याउने ।

ख) जनताको स्वास्थ्य सुविधालाई उच्च ध्यानमा राखी रिब्दीकोट आधारभूत अस्पताल तथा पहुँच मार्ग स्तरोन्नतिद्वारा स्वास्थ्य सेवामा गुणस्तर र सरल पहुँच पुर्याउने ।

ग) शिक्षा, कृषि, स्वास्थ्य, पयर्टन तथा पूर्वाधार क्षेत्रको विकास मार्फत आर्थिक विकास गर्ने ।

घ) प्राचीन कला सँस्कृतिको संरक्षण र पर्यटकीय क्षेत्रको प्रचारप्रसार तथा विकास निर्मणद्वारा पर्यटन प्रवर्द्धन गर्ने ।

ङ) वन, वातावरण तथा विपद् व्यवस्थापन गर्ने ।

च) शासकीय सक्षमताको विकास गरी सुशासन प्रवर्द्धन गर्ने ।

## गाउँसभाका सभाध्यक्ष ज्यू,
## गरिमामय सभाका सदस्यज्युहरु,

अब म चालु आर्थिक वर्ष ०७९।८०को आय व्ययको यथार्थ स्थिति तथा हालसम्मको प्रगति प्रस्तुत गर्न चाहन्छु ।

- चालु आर्थिक वर्ष २०७९।०८० मा हाल सम्म यस गाउँपालिकाको लागि संघीय सरकार र प्रदेश सरकारको समानिकरण अनुदान, विशेष अनुदान, शसर्त अनुदान, समपुरक अनुदान, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, गाउँपालिकाको आन्तरिक आय समेतबाट प्राप्त हुने जम्मा

५५ करोड ६४ लाख ९३ हजार ३२१ अनुमान गरिएकोमा हाल सम्म संघीय सरकार, प्रदेश सरकार तथा यस पालिकाको आन्तरिक आय समेत बाट गरी जम्मा ५२ करोड ७६ लाख ५६ हजार ९४८ आम्दानी प्राप्त भएको छ। जसमध्ये यस पालिकाको आन्तरिक आय तर्फ रु. ५७ लाख २० हजार राजश्व उठ्ने अनुमान गरिएकोमा हाल सम्म जम्मा ६४ लाख ४० हजार १ सय ८८ रुपैया राजश्व संकलन भएको छ भने हाल सम्म रू ३३ करोड ७१ लाख ६२ हजार ३०९ अर्थात ६०.५८ प्रतिशत खर्च भएको छ ।

- यस आ व को लागि चालुतर्फ रु ३५ करोड ५२ लाख ०६ हजार ९२१ बजेट विनियोजन गरिएकोमा हालसम्म रु २४ करोड १ लाख ५२ हजार ८१३ अर्थात ६७.६० प्रतिशत खर्च भएको छ ।
- यस आ.व को लागि पूजिगत तर्फ रु २० करोड १२ लाख ८६ हजार ४०० विनियोजन गरिएकोमा हालसम्म १० करोड ८५ लाख ९ हजार ४९६ रुपियाँ अर्थात ५१.१९ प्रतिशत खर्च भएको छ । त्यस्तै वडागत रुपमा निम्मानुसार खर्च भएको छ वडा नं १ को ४४.२५% , वडा नं २ को ७९.१८%, वडा नं ३ को ८७.३९ % वडा नं ४ को ९०.१३ %, वडा नं ५ को ८५.४७%, वडा नं ६ को ८५.२४%, वडा नं ७ को ८६.८५ % र वडा नं ८ को ७६% खर्च प्रगती रहेको छ ।

- एकिकृत घुम्ती शिविर मार्फत वडा नं १, ६, ७ र ८ गरी जम्मा ४ वटा वडामा करीब ८५० जना नागरिकहरुलाई नि:शुल्क सेवा प्रदान गरिएको छ ।
- उत्पादनमा आधारित अनुदान कार्यक्रम अन्तर्गत दुध टमाटर र सुन्तलामा ४१५ किसानलाई बैक खाता मार्फत अनुदान रकम उपलब्ध गराईएको छ ।
- कृषकहरुको माग बमोजिम ५० प्रतिशत अनुदानमा मकै, धान, गहुँ, तोरी र आलुको बीउ बितरण पकेट विकास कार्यक्रम गरिएको छ ।
- देउराली मसारमा तरकारी प्रवर्द्धन कार्यक्रम, एकिकृत कृषि विकास कार्यक्रम र पौरखनी स्मार्ट कृषि कार्यक्रम अन्तरगत ९७ घरपरिवारमा तरकारी खेती गरिएको ।
- रिब्दीकोट कृषि तथा पशु उद्यमशिलता परियोजना कार्यक्रम अन्तर्गत अकबरे खुर्सानी खेती प्रवर्द्धन कार्यक्रम, खेतीयोग्य जमिन तथा बाझो जग्गामा गरि जम्मा ४०८ रोपनी जग्गामा बेसार लगाउने र आधारशिला तालिम सम्पन्न भएको छ ।
- पालिका भर १७ हजार ५ सय ६५ वटा पशुपंक्षीलाई मेडिकल उपचार सेवा प्रदान गरिएको र १२ हजार बाख्रामा पि पि आर रोग बिरुद्धको खोप लगाइएको छ।
- पालिका भित्रका ४२ जना मृगौला, क्यान्सर र मेरुदण्ड पक्षघात भएका बिरामीलाई औषधि उपचार खर्च मासिक रू ५००० का दरले रकम भुक्तानी भएको छ। दीर्घ रोगीहरूको लागि बिपन्न राहत कोषमा र प्रदेश स्वास्थ्य निर्देशनलायमा सिफारिस गरिएको छ ।

- गाउँपालिका अन्तर्गतका संस्थागत सुत्केरी हुने १३४ जनालाई र ६४ जना मृगौला, क्यान्सर र मुटु जस्ता दीर्घरोगीलाई नगद औषधी उपचार र यातायात खर्च रकम प्रदान गरिएको छ ।
- आवश्यक औषधी खरिद गरि स्वास्थ्य संस्था मार्फत नि:शुल्क रुपमा उपलब्ध गराईएको र खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रमा जेनेरेटरको व्यवस्था गरी तँहाबाट प्रवाह हुने सेवालाई डिजिटलाईज साथै तीन सामुदायिक स्वास्थ्य ईकाइ विस्तार गरिएको छ ।
- खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रमा जेष्ठ नागरिकहरूलाई ल्याब र एक्सरे सेवा निशुल्क गरिएको छ । उक्त केन्द्रमा १८ पटक विषेशज्ञ सेवा र **म बनाउँछु मेरो रिब्दीकोट कार्यक्रम** अन्तर्गत बृहत स्वास्थ्य शिविर सञ्चालन गरी सो सेवाबाट १५९३ जना लाभान्वित भएका छन्।
- नागरिक आरोग्य कार्यक्रममा, स्वस्थ जीवन जडिबुटी तथा योग सम्बन्धी अभिमुखिकरणमा, बिद्यालय आयुर्बेद तथा योग शिक्षा कार्यक्रममा, योग प्रशिक्षण कार्यक्रममा, पुर्बकर्म पन्चकर्म र नागरिक आरोग्य कार्यक्रम संचालन भएको छ ।
- शैक्षिक संस्थाहरुलाई आकर्षक र सफा बनाई छुट्टै पहिचान प्रदान गर्ने उद्देश्यका साथ सबै विद्यालयहरुलाई एकै किसिमको रगं रोगन गर्ने कार्य सम्पन्न भएको छ ।
- विद्यार्थीहरुलाई श्रम प्रति आकर्षित गराउने, श्रम गर्ने वानीको विकास गराई सिकाईलाई श्रमसँग नागरिक तयार गर्न विद्यालयहरुमा सिक्दै कमाउँदै कार्यक्रम संचालन गरिएको छ ।
- विद्यार्थीहरुको प्रतिभाको प्रस्फुटन गराउने उद्देश्यका साथ विभिन्न विधामा पालिकास्तरीय प्रतियोगिताहरु संचालन गरिएको छ ।
- "स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद" भन्ने आदर्श वाक्यका साथ यस बर्ष देखि गाउँपालिका स्तरीय अध्यक्षकप भलिबल प्रतियोगिता राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सम्पन्न भएको छ ।
- प्रदेश समपुरक अन्तर्गत हटिया- भारकोट–डुम्रे मोटरबाटो स्तरोन्नतिको काम अन्तिम चरणमा पुगेको छ र देउराली–शान्तीचौर–ख्याहा–जोगीथुम–सातमुरे मोटरबाटो स्तरोन्नतिको काम सम्पन्न भएको छ।
- बिद्युत प्राधिकरणसँगको समन्वयमा बतासे बजारको बिद्युत हाइटेन्सन लाइन स्थानान्तरण कार्य अन्तिम चरणमा पुगेको छ ।

- हाल सम्म गाउँपालिकाभर कुल नयाँ बाटो खोल्ने काम १३ किलो मिटर, ग्रावेल ६ किलो मिटर, पि.सी.सी ढलान १३ सय मिटर, पक्की नाली ३३ सय मिटर, पिच ५ सय मिटर निर्माण कार्य र वडा नं ८ को रितुङ्गघाट खोलामा ट्रस पुल निर्माणको कार्य सम्पन्न भएको छ ।
- आगामी आ.व २०८०।०८१ को लागि रोजगार व्यवस्थापन सूचना प्रणालीमा १३९६ जना बेरोजगार व्यक्ति प्रविष्टि, वैदेशिक रोजगारीमा जाने ७ जना व्यक्तिलाई श्रमस्वीकृती प्रदान र

यस आ व मा १६ वटा योजनाहरु मार्फत ११६ जनाले १०० दिनको रोजगारी प्राप्त गरेका छन् ।

- वडा नं. ३, ५, ६ र ७ मा उद्यमशीलता विकास तालिम अन्तर्गत एड्भान्स तथा आधारभूत सिलाई कटाई तालिम, आधारभूत व्यवसायिक ब्युटीपार्लर तालिम, व्यवसायिक अचार बनाउने, व्यवसायिक अगरबत्ती बनाउने, मौरीपालन तालिम र व्यवसायिक तरकारी खेती तालिम सम्पन्न भएको छ।

- ३ हजार ४१ जना सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुलाई हाल सम्म सामाजिक सुरक्षा भत्ता रकम ८ करोड ३३ लाख ९१ हजार १२६ रुपैया वितरण गरिएको छ ।साथै गाउँपालिकाबाट ग वर्गका अपाङ्गता भत्ताको लागि ९८ जना लाभग्राहीहरुलाई जम्मा ७ लाख ८ हजार ८ सय रुपैया भत्ता वितरण गरिएको छ ।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) आवद्धताका लागि गाउँपालिका भित्र सञ्चालनमा रहेका ३२ वटा सहकारी संस्था मध्ये २० वटा सहकारी संस्थाहरूलाई (COPOMIS) मा आवद्ध गराईएको छ ।
- गत वर्षको जिम्मेवारी सारिएका मुद्दा संख्या ४ वटा, चालु आ व को १० वटा गरी १४ वटा मुद्दा मध्ये ६ वटा फर्छ्यौट गरी ८ वटा मुद्दा प्रक्रियामा रहेका छन ।
- वडा नं २, ३, ४, ५, ६, ७ र ८ **म बनाउछु मेरो रिब्दीकोट कार्यक्रम** अन्तर्गत हार्थोकदेखि बतासेसम्मको नाली तथा मोटरबाटो सरसफाई, भैरवनाथ मन्दिर परिसर, धार्मिक, सांस्कृतिक एवम् ऐतिहासिक रुपले महत्वपूर्ण रहेको जलेश्वर धाम आसपासको क्षेत्र, श्री कालिका बतासेमा १९ जना बिशेषज्ञ चिकित्सक सहित निःशुल्क स्वास्थ्य शिविर जस्ता कार्यक्रममा करीब १२५० जनाले रु २१ लाख ८१ हजार मूल्य बराबरको काम भएको छ ।

**अब म आ.व. २०८०/०८१ को प्रस्तावित आय-व्यय अनुमान प्रस्तुत गर्न चाहन्छु ।**

आ.व.२०८०/०८१ को लागी संघीय सरकार वित्तिय समानिकरण अनुदान ८ करोड ४९ लाख, संघीय सरकार राजस्व बाँडफाँड मार्फत ७ करोड ९३ लाख ३६ हजार ४००, संघीय समपुरक अनुदान ७५ लाख, संघीय सरकार विषेश अनुदान रु.१ करोड र संघीय सरकार सशर्त अनुदान २६ करोड २८ लाख (शिक्षा, स्वास्थ्य, आयुर्वेद, कृषि, पशु, नविकरणीय उर्जा, प्रधानमन्त्री रोजगार, झोलुंगेपुल र राष्ट्रिय परिचयपत्र तथा पंजीकरण) कार्यक्रमसँग सम्बन्धित तोकिएका कार्य सम्पादन गर्नका लागि) प्रदेश सरकार वित्तिय समानिकरण अनुदानमा रु.५९ लाख १८ हजार, राजश्व बाँडफाँड ४४ लाख ३८ हजार ६६८, समपुरक अनुदान १ करोड, प्रदेश सरकार विशेष अनुदान रु.६० लाख, प्रदेश सरकार सशर्त अनुदान ८६ लाख ५० हजार र गाउँपालिकाको

आफ्नो आन्तरिक आम्दानीको श्रोतबाट ७३ लाख ७७ हजार ५००, जल विद्युत रोयल्टी, खानी तथा बन रोयल्टीबाट अनुमानित ४० लाख र चालु आ.व.को बचत हुने रकम रु.१ करोड ५० लाख तथा अन्य विविध आम्दानी र संघ संस्था सहयोगबाट प्राप्त १ करोड ३६ लाख ९७ हजार ४३२ समेत गरी संघ, प्रदेश आन्तरिक आय, रोयल्टी समेतबाट कुल जम्मा ५३ करोड ६८ हजार प्राप्त हुने अनुमान गरेको छु ।

**सभाध्यक्ष महोदय,**
**सभाका सदस्य ज्यूहरु,**

अब म यस गाउँपालिकाको क्षेत्रगत रुपमा विनियोजन गरिएको व्ययको अनुमानित विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

<u>**कृषि तथा भुमि व्यवस्थाः**</u>

१ कृषि क्षेत्र नै रिब्दीकोटको सम्वृद्धिको मूल आधार भएकाले दीगो, आत्मनिर्भर एवम समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि गाउँपालिकाको एकीकृत कृषि तथा पशु विकास रणनीति बनाई **"एक टोल, एक सामुहिक खेती"** तथा स्थलगत तालिम कार्यान्वयनमा ल्याईनेछ ।यसको लागि रु ३० लाख रकम विनियोजन गरेको छु ।

२ उत्पादनमा आधारित अनुदान कृषि उपज (टमाटर, सुन्तला, दुध, मासु, तरकारी, अदुवा, खुर्सानी र बेसार) उत्पादन गर्ने किसानहरुलाई प्रोत्साहित गर्न उत्पादनमा आधारित अनुदानको दायरा विस्तार गर्ने नीतिलाई कार्यान्वयन गर्न रु.५० लाख रकम विनियोजन गरेको छु ।

३ मकैबाली प्रवर्द्धन, रैथाने बाली प्रवर्द्धन, पकेट विकास कार्यक्रमको लागि रु ३१ लाख बजेटको व्यवस्था मिलाएको छु ।

४ उखुखेती प्रवर्द्धन, तरकारी प्रवर्द्धन कार्यक्रम, च्याउ खेती प्रवर्द्धन र डेरी तथा मासु पसल सुधार कार्यक्रम संचालनको लागि रु २१ लाख ५० हजार बजेट व्यवस्था मिलाएको छु ।

५ जलेश्वर बहुद्देश्यीय सहकारी संस्थासँगको सहकार्य कुसुमखोलामा प्राङ्गारिक मल प्रशोधन कारखाना स्थापना गर्नका लागि रु १५ लाख बजेट विनियोजन गरेको छु ।

६ किसानहरुको उत्पादित कृषि उपजहरुलाई संकलन केन्द्र मार्फत बजारीकरणको लागि रु १० लाख बजेट विनियोजन गरेको छु ।

७ **"उत्कृष्ट किसान सम्मान कार्यक्रम"** र घरदैलो प्राविधिक सेवा उत्पादनमा टेवा कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको प्रबन्ध गरेको छु ।

८ **"म बनाउँछु मेरो रिब्दीकोट"** भन्ने मूल नाराको सार्थक तुल्याउन आवश्यक बजेट विनियोजन गरेको छु ।

९ कृत्रिम गर्भाधान, नश्ल सुधार, पशु स्वास्थ्य सेवा सञ्चालन तथा घाँसको बिउ तथा बिरुवा वितरणको लागि रु ११ लाख बजेट विनियोजन गरेको छु ।

१० **"मेरो रिब्दीकोट मेरो गर्व र मेरो स्वर्ग"** नारालाई अभियानको रुपमा सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

११ **"खनौं आफ्नो माटो, छाडौं विदेशको बाटो"** नारालाई कार्यान्वयनमा ल्याउन बजेट विनियोजन गरेको छु ।

१२ जनतासँग नजिकको सरकार छ भन्ने अनुभूति दिलाउन अध्यक्षसँग किसान कार्यक्रम र उपाध्यक्षसँग महिला तथा युवा कार्यक्रम संचालनको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

१३ विभिन्न संघ संस्थाहरुसँग साझेदारीमा कृषि लगायतका कार्यक्रम संचालनको लागि म्याचिङ्ग स्वरुप रु १ करोड विनियोजन गरेको छु ।

१४ गाउँपालिकाको वडा नं ७ मैनादीमा सुन्तला महोत्सव गर्नका लागि रु १ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

१५ गाउँपालिकाको वडा नं ८ काउलेमा सामुहिक मौरीपालनका निमित्त रु ६ लाख बजेट विनियोजन गरेको छु । जसबाट काउलेका जनताको आर्थिक उन्नति हुने विश्वास लिएको छु ।

१६ वडा नं ५ कुसुमखोलामा ५० प्रतिशत अनुदानमा कृषि विकास पोषण वितरणको रु ३ लाख बजेट व्यवस्था गरेको छु ।

**सभाध्यक्ष महोदय,**
**सभाका सदस्य ज्यूहरु ,**

कृषिका यी कार्यक्रमको कार्यान्वयनबाट गाउँपालिका भित्रको खेतीयोग्य जमिनको उपयोग भई उत्पादन र उत्पादकत्त्वमा उल्लेखनीय अभिवृद्धि हुनुको साथै रोजगारीको समेत वृद्धि हुने अपेक्षा लिएको छु ।

## पूर्वाधार विकास :

१७ पर्यटकीय सम्भावना बोकेका प्राकृतिक, ऐतिहासिक, धार्मिक एवम् सांस्कृतिक क्षेत्रहरुको पहिचान गरी पूर्वाधार निर्माणका कार्यहरु अगाडि बढाईने छ । भैरवस्थान जलेश्वारको शान रिब्दीकोटको उत्थान भन्ने नाराका साथ बहुवर्षिय योजनामा समावेश गरि जलेश्वर पर्यटन पूर्वाधारको लागि रु १ करोड ५० लाख बजेट व्यवस्था मिलाएको छ ।

१८  खौडेली देखि खस्यौली प्राथमिक स्वास्थ्य केन्द्र जाने मोटरबाटो स्तरोन्नतिको लागि रु १ करोड बजेटको व्यवस्था मिलाएको छु ।

१९  खेलकूदद्वारा स्वस्थ जिवनयापनको लागि खेलकूद पूर्वाधार निर्माणको निमित्त देउराली कोहल खेलमैदानको लागि रु १ करोड बजेट व्यवस्था मिलाएको छु ।

२०  कन्टीपोखरा देउराली बरपोखरा शान्तीचौर ख्याहा सडक स्तरोन्नतिको लागि रु ७५ लाख, भैरवस्थान भारकोट मजुवा पोरक्नी रु ७५ लाख, पालुङ्गमैनादी बतासे हुँदै वडा नं ८ फेक भवन सम्मको मोटरबाटो स्तरोन्नतिको लागि रु ७५ लाख विनियोजन गरी बहुवर्षिय योजनाको रुपमा प्रस्तुत गरेको छु ।

२१  हार्थोक छहराको रिब्दीकोट सडक खण्ड मर्मत सुधारको लागि रु २५ लाख बजेट बिनियोजन गरेको छु ।

२२  वडा कार्यालयबाट दिईने सेवा सुविधामा सहज र सुधार ल्याउन जिर्ण रुपमा रहेको कुसुमखोला वडा भवन निर्माणको लागि २५ लाख विनियोजन गरेको छु ।

२३  साहित्यिक कार्यक्रम संचालनमा रहेको निर्माणाधिन अधुरो देवकोटा स्मृति साहित्य भवन निर्माण सम्पन्न गर्नका लागि रु १० लाख र बाँझो जमिन उपयोगका निमित्त फेक दपरे जेमतुङ्ग कृषि सडकको लागि रु ७ लाख बजेट बिनियोजन गरेको छु ।

२४  पालिका भित्रका अधुरा तथा निर्माणाधिन खानेपानी आयोजना सम्पन्न गर्न आवश्यक ठाउँमा रु ३० लाख बजेट विनियोजन गरेको छु ।

<u>उद्योग वाणिज्य तथा आपूर्ति :</u>

२५  **" रिब्दीकोट उद्योग विकास प्राधिकरण कार्यक्रम"** गठन गरिनेछ र सोको लागि रु १० लाख बजेट विनियोजन गरेको छु ।

२६  स्थानीय बस्तुको प्रयोग गरौ र उत्पादनमा प्रोत्साहन गरौ भन्ने अभियान संचालन गरी स्थानीय कच्चा पदार्थमा आधारित कच्चा पदार्थको प्रशोधन उद्योग साना उद्योग र घरेलु उद्योगको स्थापना गरी संचालनमा ल्याउन नीजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ । परम्परागत कला कौशललाई प्रवर्द्धन तथा सीपमा आधारित पेशालाई संरक्षण गर्न र प्रविधि हस्तान्तरणको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

<u>स्वास्थ्य :</u>

२७  खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रवाट जेष्ठ नागरीक, अपाङ्ग, जनप्रतिनिधि र कर्मचारीहरुलाई स्वास्थ्य परीक्षण तथा ल्याब परीक्षण, एक्स-रे लगायतका सेवाहरु नि:शुल्क गर्न रु. ५ लाख विनियोजन गरेको छु ।

२८ स्वास्थ्य संस्थाहरुबाट वितरण गरिने आधारभुत औषधीहरुलाई निःशुल्क वितरण गर्न रु २२ लाख विनियोजन व्यवस्था मिलाएको छु । आफू नजिकको सरकारबाट सेवा उपभोग गर्न पाउने जनताको अधिकारलाई सुनिश्चित गर्न स्वास्थ्य सेवालाई पारदर्शी र थप प्रभावकारी बनाई विशेषज्ञ सहितको स्वास्थ्य शिविरको कार्यक्रम संचालन गर्न रु.५ लाख बजेट विनियोजन गरेको छु ।

२९ गाउँपालिका भित्रका सुत्केरी आमा र बच्चाको पोषण तथा स्याहारलाई थप व्यवस्थित गर्न असाध्य रोग लागेकालाई राहत र सुत्केरी आमा पोषिलो खाना कार्यक्रम लागु गर्न रु १५ लाख विनियोजन गरेको छु । पाठेघरको क्यान्सर, स्तन क्यान्सर, आङ खस्ने समस्याको उपचारका लागि गाउँपालिकाका समस्याग्रस्त महिलाहरुको तथ्याङ्क संकलन गरी उपचारको व्यवस्था गरिनेछ ।

३० एम्बुलेन्सको सेवालाई व्यवस्थित र प्रभावकारी बनाइनेछ । खस्यौली प्राथमिक स्वास्थ्य केन्द्र र पालिकाभित्रका बर्थिङ्ग सेन्टरमा बच्चा जन्माउन नसकी रिफर गरीएका सुत्केरी महिलालाई अस्पताल सम्म पुर्याउन निःशुल्क एम्बुलेन्स सेवाका लागि आवश्यक आर्थिक प्रबन्ध गरेको छु ।

३१ प्राकृतिक चिकित्सा, योग लगायत अन्य वैकल्पिक चिकित्सा पद्धतिलाई संचालनमा ल्याउन तथा पालुङ मैनादी आयुर्वेद औषधालय ब्यबस्थापन र औषधि खरिदको लागि रु.१० लाख बजेट विनियोजन गरेको छु ।

३२ सम्भावित महामारी फैलिन नदिन पालिकास्तरमा द्रुत प्रतिकार्य टोली (RRT) गठन गरी आवश्यक तालिम दिई तयारी अवस्थामा राख्न आवश्यक प्रवन्ध गरेको छु।

३३ महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन स्वरुप दिईदै आएको वार्षिक यातायात रकममा थप गरी वार्षिक रु ७ हजार पुर्याएको छ ।साथै महिला स्वास्थ्य स्वयम सेविकाको ६० वर्ष उमेर पुगी सम्मानजनक दिर्घजीवन रोज्नुहुने महिला स्वास्थ्य स्वयम सेविकालाई दिदै आएको रु १५ हजारबाट बृद्धि गरी रु २० हजार व्यवस्था मिलाएको छु ।

३४ गाउँपालिकाको वडा नं १ भित्र तेश्रो बच्चा जन्मदर्ता प्रोत्साहन कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**<u>शिक्षा :</u>**

३५ विद्यालय शिक्षालाई गुणस्तरीय र समयसापेक्ष बनाउन गाउँपालिका स्तरीय एक नमूना विद्यालय निर्माण गर्ने नीतिलाई कार्यान्वयनमा आवश्यक बजेट विनियोजन गरेको छु ।अभिभावकविहीन बालबालिकाको कक्षा १२ सम्मको शिक्षाको सम्पूर्ण जिम्मेवारी गाउँपालिकाले लिने व्यवस्था मिलाएको छु ।

३६ संस्कार सहितको शिक्षा आजको आवश्यकता भन्ने कुरा आत्समाथ गर्दै विद्यार्थीहरुलाई सिकाउने टिकाउने र आत्मनिर्भर बनाउने अभियान स्वरुप

विद्यालयमा **पढ्दै कमाउँदै, कमाउदै पढ्दै** कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

३७ गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा अध्ययनरत किशोरीहरुलाई संघीय सरकार सशर्त अनुदान मार्फत निशुल्क रुपमा सेनेटरी प्याड व्यवस्था गरेको छु ।

३८ विद्यालय तह देखि नै राष्ट्रिय एवं स्थानीय भेषभूषा, भाषा, धर्म एवं संस्कृतिको बोध एवं संरक्षणका लागि गाउँ शिक्षा योजना र स्थानीय पाठ्यक्रम तयारीको थालनी गर्न रु.५ लाख विनियोजन गरेको छु ।

३९ युवा समुह विभिन्न सामाजिक कार्यको लागि जिम्मेवार बन्ने विश्वास लिएको हुँदा माध्यमिक विद्यालयहरुमा स्काउट गठन र तालिम संचालन गर्नको लागि रु ५ लाख बजेट विनियोजन गरेको छु ।

४० शिक्षक तथा विद्यार्थीहरुको मनोबल बृद्धि गर्न तथा विद्यार्थीहरुको प्रतिभा प्रष्फुटन गर्ने कार्यक्रमको लागि रु ५ लाख विनियोजन गरेको छु ।

४१ शैक्षिक गुणस्तर बृद्धि गर्नका लागि विषयगत शिक्षकहरुको लागि कार्यशाला तथा क्षमता विकास तालिम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**युवा तथा खेलकुद :**

४२ **"राष्ट्रका लागि खेलकूद खेलकूदको लागि राष्ट्र "** मा टेवा पुर्याउन अध्यक्ष कप र राष्ट्रपति रनिङ शिल्ड खेलकुद संचालन तथा खेलाडी प्रशिक्षणको लागि रु १० लाख विनियोजन गरेको छु ।

४३ शैक्षिक बेरोजगारको अन्त्यको लागि लोक सेवा आयोग, शिक्षक सेवा आयोग, सेना तथा प्रहरी प्रवेश तयारी कक्षा संचालनको लागि आवश्यक बजेटको प्रबन्ध गरेको छु ।

४४ लघुवा ब्याडमिन्टल कवर्डहल निर्माणको लागि रु ५ लाख र वडा नं १ ख्याहामा ब्याडमिन्टल कवर्डहल निर्माणका लागि रु ५ लाख विनियोजन गरेको छु ।

**सामाजिक, सांस्कृतिक संरक्षण तथा सामाजिक न्याय र समाबेशीकरणः**

४५ महिलाहरुलाई आत्मनिर्भर बनाउँदै सम्मानित जीवनयापनका लागि आयआर्जन अभिबृद्धिमा टेवा पुग्ने खालका ज्ञान, सिप तथा सचेतनाका कार्यक्रमका लागि रु. १० लाख विनियोजन गरेको छु । साथै महिला शसक्तिकरणमा विशेष ध्यान दिईने छ ।

४६ समाजका अमूल्य निधिका रुपमा रहेका जेष्ठ नागरीकहरुको लागि "जेष्ठ नागरिक सम्मान", अनुभव आदान प्रदान तथा सहुलियतका कार्यक्रम तथा अन्य लक्षित तथा

विपन्न वर्ग उत्थानको लागि रु १० लाख विनियोजन गरेको छु । साथै पालिका भित्र संचालन हुने सम्पूर्ण कार्यक्रमहरु लैङ्गिक समावेशीकरण तथा सामाजिक न्यायको आधारमा संचालित गरिनेछ ।

४७ बालमैत्री गाउँपालिका निर्माणको प्रक्रिया अगाडि बढाउनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४८ 'ग' वर्गका अपांगता ब्यक्तिलाई गाउँपालिकाबाट प्रदान गरीदै आइएको सामाजिक सुरक्षा भत्ताको निरन्तरताको लागि रु १५ लाख रकम विनियोजन गरेको छु ।

४९ विपन्न तथा ख र ग वर्गका व्यक्तिहरुलाई स्वास्थ्य बिमाका लागि दिईदै आएको अनुदानलाई निरन्तरता दिन रु.१५ लाख विनियोजन गरेको छु ।

५० लागुपदार्थ दुर्व्यसन, सोसल मिडिया विकृति, साइबर क्राइम बिरुद्ध प्रहरीसँगको सहकार्यमा सचेतनामुलक कार्यक्रम संचालनको लागि आवश्यक व्यवस्था मिलाएको छु ।

५१ विभिन्न महोत्सव र सांस्कृतिक महोत्सव संचालन गर्नको लागि ७ लाख विनियोजन गरेको छु ।

५२ गरीब तथा विपन्न वर्गसँग नजिक स्थानीय सरकार छ भन्ने अनुभूति दिलाउन कोख देखि सोकसम्म उपाध्यक्ष कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

<u>**सहकारी तथा वित्तीय क्षेत्र विकास :**</u>

५३ **"वित्तिय शिक्षा कार्यक्रम"** चलाई "**एक घर एक वित्तीय संस्थामा खाता**" कार्यक्रम, वित्तीय साक्षरता कार्यक्रम तथा गाउँपालिकाका भित्रका सहकारीको क्षमता अभिबृद्धि गरी ब्यबस्थित गर्न रु. ५ लाख बजेट विनियोजन गरेको छु ।

<u>**जलश्रोत, सिंचाई तथा उर्जा :**</u>

५४ एल.पि.ग्याँस र ईन्धन खपत कम गर्न वैकल्पिक उर्जा प्रवर्धन केन्द्र जस्ता संस्थाहरुसंग सहकार्य गर्दै सुधारिएको चुलो, सोलार, वायोग्यास जस्ता कार्यक्रमलाई प्राथमिकता दिईनेछ । यसका लागि आवश्यक बजेटको प्रबन्ध गरेको छु ।

५५ काठका पोलहरुलाई विस्थापित गरिनेछ ।विद्युत जडान नभए घरहरुमा वैकल्पिक उर्जा स्वरुप सोलार लाइटको व्यवस्था गर्न आवश्यक प्रबन्ध मिलाएको छु ।

५६ कुसुमखोला चिस्यान केन्द्रको लागि थ्रि फेज लाईन बिस्तारको लागि रु १० लाख विनियोजन गरेको छु ।

<u>**वन, वातावरण, विपद् व्यवस्थापन तथा प्रकोप नियन्त्रण :**</u>

५७ वन कार्यालयको सहकार्यमा बढ्दो वन विनास तथा वातावरणीय ह्रासलाई कम गर्न बहुवर्षीय आम्दानीमुलक बिरुवा रोपण कार्यक्रम सञ्चालन गर्न रु ३ लाख विनियोजन गरेको छु ।

५८ विपद्को पिडितलाइ राहत प्रदान गर्न बनाइएको विपद् व्यवस्थापन कोषमा जम्मा हुने गरि रु. ८ लाख विनियोजन गरेको छु ।सुरक्षाकर्मी र रेडक्रससंगको सहकार्यमा सचेतनामुलक कार्यक्रम, विपद् पूर्व प्रतिकार्य तालिमका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

५९ भैरवस्थान र खस्यौलीको बिचमा पर्ने गरी ल्याण्डफिल्ड साइट निर्माणको लागि रु २ लाख बजेट विनियोजन गरेको छु ।

६० वडाभित्रका बढी जोखिम रहेका क्षेत्रहरुमा विपद तथा प्रकोप कोष मार्फत राहत खर्च हुने गरी प्रत्येक वडामा रु १ लाखका दरले बजेट व्यवस्था गरेको छु ।पालिका भित्रका वन जंगलमा लागेको डढेलो नियन्त्रण गर्न प्रत्येक वडामा २।२ वटा दरले अग्नी निवारण यन्त्र उपलब्ध गराईनेछ।

**श्रम, रोजगार तथा गरीबी निवारण :**

६१ श्रममुलक योजना कार्यान्वयन मार्फत **श्रम र श्रमिकको मर्यादा हुने रोजगारी** सृजना गर्न र ५ वर्षे रणनीति योजना निर्माणको लागि रु ४९ लाख ११ हजार बजेट व्यवस्था मिलाएको छु ।

**सुशासन तथा संस्थागत विकासः**

६२ सामाजिक सेवा प्रवाहलाई प्रविधिमैत्री एवं प्रभावकारीता मर्मत सुशासन कायम गर्ने उद्देश्यले पालिका अन्तरगत रहने वडा कार्यालय, स्वास्थ्य केन्द्र र सामुदायिक विद्यालयहरुमा संघीय सरकारसँगको सहकार्यमा सेन्ट्रलाइज एटेन्डेन्स सिस्टम (Centralized Attendance System) जडान गर्नका लागि रु.२० लाख विनियोजन गरेको छु यसबाट नागरिकहरुले इन्टरनेट सेवाको लाभ लिने तथा सेवा प्रवाह चुस्त र प्रभावकारी हुने विश्वास लिएको छु ।

६३ पालिका भित्र हुने जनप्रतिनिधि कर्मचारी तथा सरोकारवालालाई उपलब्ध गराईने सबै प्रकारका क्षमता अभिबृद्धि सम्बन्धी तालिममा एकरुपता गराई तालिम तथा अवलोकन भ्रमणको माध्यमवाट जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धी गरी काममा उत्प्रेरित गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

६४ पारदर्शिता/जवाफदेहिता प्रवर्द्धन गर्न र सार्वजनिक सुनुवाई, एकिकृत घुम्ति शिविरको लागि आवश्यक बजेट विनियोजन गरेको छु। साथै गाउँपालिकाको कार्यक्रमहरु प्रचार प्रसार गर्न पत्रपत्रिका तथा रेडियोसँग सहकार्यको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

६५ अन्तरपालिकाको समन्वय र सहकार्यमा पालिकाको सिमाना क्षेत्रमा सूचनामूलक बोर्ड तथा डिजिटल बोर्ड स्थापनाको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।साथै अन्तरपालिका जनप्रतिनिधिहरु बीच अनुभव आदानप्रदान तथा अन्तरक्रिया कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

६६ न्यायिक समितिको सेवालाई थप व्यवस्थित गर्न वडा तहमा मेलमिलापकर्ता नियुक्ति गर्ने र न्यायिक समितिको इजलास कक्ष स्थापनाको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६७ संघिय तथा प्रदेश सरकारबाट हस्तान्तरित शसर्त, विशेष, समपुरक शिर्षकमा प्राप्त योजना तथा गा.पा./वडा स्तरीय कार्यक्रमहरुको बिस्तृत विवरण अनुसूचिहरुमा उल्लेख गरेको छु ।

**आदरणीय अध्यक्षज्यू,**

**गाउँसभाका सदस्यज्यूहरु,**

माथि प्रस्तुत गरिएका शीर्षकगत कार्यक्रमहरु संचालन गर्दा पूँजिगत खर्च तर्फ रु २३ करोड ५६ लाख ६४ हजार खर्च हुने अनुमान लिएको छु भने चालु खर्च तर्फ २९ करोड ४४ लाख ४ हजार खर्च हुने अनुमान लिएको छु ।

चालु आर्थिक वर्षको हालसम्मको आय व्ययको यथार्थ विवरण, आगामी आर्थिक वर्षको बजेटको क्षेत्रगत र शीर्षकगत अनुमानित विवरण अनुसूचीहरुमा उल्लेख गरेको छु । यसका साथै आर्थिक ऐन र विनियोजन ऐन सम्बन्धी विधेयकहरु यसैसाथ अनुमोदनका लागि पेश गरेको छु । बजेट माथि गहन छलफल गरी पारित गर्नु हुनेछ भन्ने विश्वास लिएको छु ।

**अन्त्यमा,**

प्रस्तुत आ.व. २०८०।०८१ को बजेट तर्जुमा गर्ने प्रक्रियामा महत्वपूर्ण सल्लाह सुझाव र सहयोग प्रदान गर्नु हुने गाउँपालिकाका अध्यक्षज्यू, गाउँसभाका सम्पुर्ण पदाधिकारीज्यूहरु, राजनीतिक दलका प्रतिनिधिज्यूहरु, विभिन्न क्षेत्रका विषय विज्ञहरु, संघसंस्थाका प्रतिनिधिज्यूहरु, नागरिक समाज, पत्रकार जगत, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु र आम गाउँपालिकाबासीहरुमा हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दै प्रस्तुत बजेटको सफल कार्यान्वियन मार्फत समृद्ध रिब्दीकोट निर्माणको आधार शिक्षा, कृषि, पर्यटन र पूर्वाधार भन्ने नारालाई पुरा गर्ने हाम्रो अठोट र सुन्दर यात्रामा यहाँहरुको साथ र सहयोग प्राप्त हुने विश्वासका साथ सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद ।**

कान्ता अधिकारी
उपाध्यक्ष
रिब्दीकोट गाउँपालिका